


उच्च अदालत पाटन
एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री पुरुषोत्तमप्रसाद ढकाल
इजलास नं.१
आदेश
मुद्दा नं.०८०-WO-१२००

गैरआवासीय नेपाली संघ.......................................................................................१ } निवेदक

विरुद्ध

काठमाडौं महानगरपालिकाको कार्यालयसमेत.......................................................................१ } विपक्षी

विषय: निषेधाज्ञा।

प्रस्तुत निवेदनसहितको कागजातहरु अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा र श्री सतिशकृष्ण खरेल र विद्वान अधिवक्ताद्वय श्री सरोजकृष्ण घिमिरे र श्री रामेश्वर न्यौपानेले प्रस्तुत गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए, सोसमेत साथै राखी सूचना म्याद पाएका मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपिसहित विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि पेश गर्नुहोला।

निवेदनमा अन्तरिम आदेशसमेतको माग भएको सम्बन्धमा विचार गर्दा, निवेदक संस्था रहेको भवनको कि.नं.७४८ समेतका वादी नेपाल सरकार प्रतिवादी कलाधर देउजासमेत भएको विशेष अदालत काठमाडौंमा परेको ०७६-CR-०२७० को मुद्दामा मिति २०८०।११।०३ मा भएको फैसलाबमोजिम सार्वजनिक जग्गा ठहरिएको भएपनि उक्त फैसला उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ बमोजिम पुनरावेदन गर्ने म्याद बाँकी भई ऐ. को दफा १५३ को कानूनी व्यवस्थाबमोजिम पुनरावेदन गर्ने म्याद बाँकी रहेसम्म फैसला कार्यान्वयन स्थगन गर्नुपर्ने हुँदा सुविधा सन्तुलनको दृष्टिकोणबाट उल्लेखित कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा विपक्षी नगरपालिकाको निवेदनको हकमा जारी भएको मिति २०८०।११।०९ को सार्वजनिक सूचना स्थगन गर्नुपर्ने देखिँदा प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म उक्त सूचना कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरुका नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ। अन्तरिम आदेशको जानकारी विपक्षीहरुलाई दिनू।

२०८०/११/१४

न्यायाधीश

इति संवत् २०८० साल फागुन १४ गते रोज २ शुभम्.......................................................................।

NOTE: THE COURT GRANTED STAY AND ISSUED INTERIM ORDER NOT TO IMPLEMENT THE NOTICE OF KMC AND AGAINST DEFENDANT UNTIL FINAL ADJUDICATION OF THE CASE

**TEAM OF LAWYERS REPRESENTING NRNA LED BY PRESIDNET BINOD KUWAR AND FILED BY RAJESH RANA**

**– Lead by Advocate Saroj Krishna Ghimire with Senior Advocate Shambhu Thapa, Senior Advocate Satish Krishna Kharel and Advocate Rameshwor Neupane**

# काठमाडौं महानगरपालिका
## यें महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, कमलादी, काठमाडौं

## काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको जफत (सरकारी) भएको सम्पत्ति संरक्षण गर्ने सम्बन्धी सार्वजनिक सूचना

विशेष अदालत, काठमाडौंबाट वादी नेपाल सरकार र प्रतिवादी कलाधर देउजा समेत १७५ जना भएको **"सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको"** मुद्दा नं. ०७६-CR-०२७० मा संवत् २०८०।११।०३ मा भएको फैसलाबाट काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको जग्गा जफत (सरकारी) भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१३ स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था अन्तर्गत दफा ९७ (१) ले काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने कानूनी दायित्व महानगरपालिकालाई तोकेको छ । विशेष अदालत, काठमाडौंको उक्त फैसलाबाट जफत (सरकारी) भएको काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको सरकारी सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गर्न यो सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र उक्त ललिता निवास क्षेत्रमा रहेका व्यक्ति, कम्पनी तथा सङ्घ संस्थाहरू सो क्षेत्रबाट हटी सरकारी सम्पत्तिको संरक्षण तथा उचित प्रबन्ध गर्ने कार्यमा महानगरपालिकालाई सहयोग गर्नुहुन अनुरोध गरिन्छ ।

यस सूचनाले तोकेको समयभित्र सो क्षेत्रबाट नहटेमा प्रचलित कानून बमोजिम हटाई सरकारी जग्गा तथा सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गरिने व्यहोरा समेत यसै सूचनामार्फत सम्बद्ध सरोकारवालालाई सूचित गरिन्छ ।

**श्री उच्च अदालत पाटनमा पेश गरेको**

**<u>निवेदन पत्र</u>**

**विषयः <u>नेपालको संविधानको धारा ४६, धारा १४४(१) र (२) बमोजिम उत्प्रेषण लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी पाउँ</u> ।**

काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बालुवाटारमा रहेको गैर आवासीय नेपाली संघको तर्फबाट ऐजन संघका अख्तियार प्राप्त कार्यकारी निर्देशक का.जि.का.म.न.पा. वडा नं. ७ बस्ने वर्ष ६० को राजेश शम्शेर राणा ........................................................ ................................१ **निवेदक**

**( BINOD KUNWAR PRESIDNET TEAM OF NRNA .. Petition Filed by Rajesh Rana CEO NRNA Representing NRNA**

**विरुद्ध**

श्री काठमाण्डौ महानगरपालिका, नगर कार्यपालीकाको कार्यालय, काठमाण्डौ प्लाजा कमलादी ........१

ऐ. ऐ. का नगर प्रमुख श्री बालेन्द्र शाह फोन नं. ९८५१२७९९०० इमेल mayor@kathmandu.gov.np....१ **प्रत्यर्थी**

ऐ. ऐ. का प्रमुख प्रशासकिय अधिकृत श्री प्रदिप परियार इमेल ceo@kathmandu.gov.np ............१

**मुद्दाः उत्प्रेषण ।**

निवेदक गैरआवासीय नेपाली संघ, यसका संचालक एवं सदस्यहरुको हकमा समेत नेपालको संविधान २०७४ को धारा १३३ (२) र (३) एवं सर्वोच्च अदालत निममावलीको नियम ३२ को उपनियम (१) बमोजिम सोही नियमावलीको अनुसूचि ३ को १ बमोजिम लाग्ने दस्तुर रु ५००/ यसै साथ संलग्न राखी उत्प्रेषण प्रतिषेध परमादेश लगायत अन्य उपयुक्त आदेश पुर्जी जारी गरी पाउँ भनी यो निवेदन गरेका छौ।निवेदनको पृष्ठभूमी तथ्य निवेदनको कानूनी र संवैधानिक आधार र पृष्ठभूमी तथ्य तलका प्रकरणहरुमा उल्लेख गरेका छौ :

१. निवेदनको पृष्ठभूमी तथ्य यस प्रकार छ :

क. **अख्तीयार प्राप्तीको विववरण** : निवेदक गैरआवासीय नेपाली संघ (उप्रान्त सुविधा हेतुको लागि यस निवेदनमा “संघ” मात्र भनि सम्बोधन गरिएको) को सचिवालयको कार्यकारी निर्देशक पदमा कार्यरत रहेको छु । संघको अन्तराष्ट्रिय समन्वय परिषद्को मिति ____________ को निर्णय र सो निर्णय बमोजिम मलाई प्रस्तुत निवेदन पेश गर्न दिएको अख्तियारनामा बमोजिम आवश्य दस्तुर संलग्न गरी नेपालको संविधानको धारा ४६ र १४४(१) र (२) बमोजिम निम्न व्यहोराको निवेदन गर्दछु ।

ख. **निवेदक गर्ने हकदैया**: संघ गैरआवासीय सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६६ बमोजिम परराष्ट्र मन्त्रालयमा दर्ता भएको एक संगठित संस्था हो । संघले तालुक एवं अन्य सम्बन्धित निकायहरुको सिफारीस र स्वीकृती तथा आदेशमा काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४ बालुवाटार

स्थित ललित निवास क्षेत्र भित्र ३ रोपनी जग्गा खरिद गरी सोमा कार्यालय प्रयोजनको लागि भवन समेत निर्माण गरी संघको कार्यालय संचालन गरी आएको छ र हामी निवेदक आजको मिति सम्म उक्त घरजग्गाको दर्ता स्वामित्व र भोग कायम भएको न्यासी र धनी हौं । यसअर्थ हामीमा प्रस्तुत निवेदन दायर गर्ने हकदैया रहेको छ ।

ग. **का म न पा को अधिकारक्षेत्र विहिन सूचना** : विपक्षी काठमाण्डौ महानगरपालिका, नगर कार्यपालीकाको कार्यालय, काठमाण्डौ प्लाजा कमलादीले मिति २०८०।११।०९ गते काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४ बालुवाटार स्थित ललित निवास क्षेत्रको जफत (सरकारी) भएको सम्पत्ति संरक्षण गर्ने सम्बन्धी सार्वजनिक सूचना जारी गरेको रहेछ र उक्त सूचना म निवेदकले विभिन्न आम सञ्चार माध्यममा सम्प्रेषण भए पश्चात थाहा जानकारी पाएको हुँ । उक्त सूचनामा सम्मानीत विशेष अदालतबाट मिति २०८०।११।०३ मा वादी नेपाल सरकार र प्रतिवादी कलाधर देउजा समेत भएको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको मुद्दा (मुद्दा नं. ०७६-CR-०२७०) मा भएको फैसलाबाट काठमाण्डौ महानगरपालिका वडा नं. ४ बालुवाटार स्थित ललिता निवास क्षेत्रको जग्गा जफत (सरकारी) भएको हुँदा स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ७ अन्तर्गतको दफा ९७(१) बमोजिम उक्त सरकारी सम्पत्तिको संरक्षण तथा उचित प्रबन्ध गर्ने प्रयोजनार्थ सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र उक्त क्षेत्रमा रहेका व्यक्ति, कम्पनी तथा सघं संस्थाहरु सो क्षेत्रबाट हटी सहयोग गरिदन अनुरोध गरी तोकिएको समयभित्र सो क्षेत्रकाट नहटे प्रचलित कानून बमोजिम हटाई सरकारी जग्गा तथा सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गरिने भनि अधिकारक्षेत्र विहिन र आपत्तीजनक सूचना जारी गरिएको रहेछ ।

२. विपक्षी नगरपालिकाले जारी गरेको उक्त मिति ........ को सूचनाले निवेदक संघ र यसका सदस्यहरुलाई नेपालको संविधानको धारा १७ को उपधारा २ को (च) ले प्रदान गरेको स्वतन्त्रता, धारा १८ को उपधारा (१) ले प्रदान गरेको कानूनको समान संरक्षणको हक, धारा २५ ले प्रदान गरेको सम्पत्ति सम्बन्धी हकमा प्रत्यक्ष आघात पुर्याएको हुनाले उक्त सूचना र सो सूचना जारी गर्ने सम्बन्धमा विपक्षीले गरेको कुनै निर्णय भए सो निर्णय र सो को आधारमा भएका सम्पुर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी सो सम्बन्धमा थप कुनै कारवाही अघि नबढाउनु भनी प्रतिषेधको आदेशले रोक्ने कार्य समेत गरी पाऊ भनी यो निवेदन गर्न आएका छौ। विपक्षीको उक्त सूचना लगायका काम कारवाही उत्प्रेषणको आदेशले बदरभागी रहेको कुरा तलका बुंदाहरुमा स्पष्ट पारेको छु ।

क. **विशेष अदालतको फैसला होइन र फैसलाको पूर्ण पाठ समेत तयार भई नसकेको:** विपक्षी का म न पा ले जारी गरेको सूचनामा घरजग्गा खालि गर्ने आधारको रुपमा उल्लेख गरिएको विशेष अदालत काठमाण्डौले गरेको फैसलाको पूर्णपाठ हालसम्म जारी भएको छैन । उक्त पूर्ण पाठ जारी भै निवेदकको नाममा पुनरावेदनको म्याद प्राप्त भै निवेदकले पुनरावेदन गरेको अवस्थामा उक्त फैसला कार्यान्वयन हुन सक्ने पनि होईन । विशेष अदालत भ्रष्टारजन्य कार्यको मुद्दा मामिला सुनुवाई गर्ने शुरु क्षेत्राधिकार मात्र हो । फैसला कार्यान्वयन गर्ने अख्तियार प्राप्त निकायले मुद्दाको अन्तिम किनारा नभई फैसला कार्यान्वयन गर्न सक्दैन । प्रस्तुत निवेदन दायर हुँदाको मिति सम्ममा विशेष अदालतबाट ऐजन मितिमा भएको फैसलाको पूर्णपाठ तयार भएको छैन र मुद्दामा प्रतिवादी रहेका व्यक्तिहरुलाई पुनरावेदन म्याद समेत

जारी भएको छैन । कसूरजन्य सम्पत्ति तथा साधन रोक्का नियन्त्रण र जफत ऐन, २०७० को दफा ११(३) बमोजिम पनि सम्पत्ति जफत गर्दा अदालतको आदेश वा फैसला अन्तिम भएपछि मात्र जफत गरिने हो । कुनै पनि कानूनले विपक्षी महानगरपालिका लाई विशेष अदालतको फैसला कार्यान्वयन गर्ने अधिकारक्षेत्र प्रदान गरेको छैन । यसरी मेडियामा आफ्नो सक्रियता पुष्टी गर्ने उदेश्यले उत्ताउलोपना देखाई गरेको नगरपालिकाको सूचना आफैमा अधिकारक्षेत्र विहिन रहेको स्पष्ट छ।

ख. यसरी मुद्दाको अन्तिम किनारा नलाग्दै, विशेष अदालतको उक्त फैसला उपर पुनरावेदन गर्न पाउने हक सुरक्षीत रहेको अवस्थामा फैसला कार्यान्वयनार्थ र सरकारी सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गर्ने नाउँमा हामी निवेदकलाई उक्त हाम्रो भवन र क्षेत्रबाट काठमाण्डौ महानगरपालिकाले हटाउन पाउने होइन । महानगरपालिकाले कानून प्रतिकुल हटाउन खोज्नु समेत पनि कानून र न्यायको विपरित स्वछाचारी कार्य हो । प्रत्यर्थीहरुले कानूनी शासन, कार्यविधि, अख्तियारी र सम्मानीत सर्वोच्च अदालतबाट निर्णय नं. ७८३६ मा प्रतिपादी नजिर सिद्धान्त समेतको उल्लङ्घन गरेका छन् ।

**ग. फैसलाको कार्यान्वयन गर्ने निकायको नभएको** : विशेष अदालत ऐन, २०५९ को दफा १८ मा विशेष अदालतले गरेको फैसला वा अन्तिम आदेश सो अदालतले कुनै निकायले कार्यान्वयन गर्ने भनि फैसला वा अन्तिम आदेशमा लेखि दिएकोमा सोही निकायले र त्यसरी नलेखिएकोमा सम्बन्धित जिल्ला अदालतले कार्यान्वयन गर्नेछ भन्ने व्यवस्था रहेको छ । प्रस्तुत कानूनी व्यवस्थाको कसीमा प्रथमतः विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम विशेष अदालतको उक्त फैसला अन्तिम होइन । दोस्रो उक्त फैसला पूर्णपाठ हाल सम्म तयार भएको छैन, त्यस अर्थ उक्त फैसलाको कार्यान्वयन के कुन निकायले गर्ने भन्ने विषयको निर्कोय भएको छैन । अनुमान गरौं, उक्त फैसलामा के कुन निकायले फैसला कार्यान्वयन गर्ने भन्ने विषय मौन रह्यो भने पनि उक्त फैसला कार्यान्वय गर्ने अख्तियारी काठमाण्डौमा अवस्थित सम्पत्ति भएको हुँदा काठमाण्डौ जिल्ला अदालतले राख्दछ, काठमाण्डौ महानगरपालिकाले होइन । अतः यसरी अख्तियारी नराख्ने विषयमा महानगरपालिकाले आफैं अग्रसर भई (*Suo Moto* रुपमा) सरकारी सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गर्ने नाउँमा क्षेत्राधिकार विहिन विषयमा सूचना जारी गर्नु अवैधानिक *[Unlawful]* र प्राकृति न्यायको सिद्धान्त *[Principal of Natural Justice]* विपरीतको कार्य हो र यस्तो कार्यले प्रचलित कानून एवं न्यायिक निकाय तथा न्यायीक अभ्यासको अबमूल्यन गरेको छ भने साम्पतिक अधिकारमा समेत गैरकानुनी हस्तक्षेप गरी कानूनी शासनको उपहास हुन गएको निवेदन गर्दछु ।

**घ. अख्तियारी बाहिर गई गरिएको काम कारबाही सूरु देखि नै बदर योग्य हुन्छ** *(administrative acts beyond the authority is ultra vires and void ab initio)*: कुनै पनि निकायले आफ्नो अख्तियारी कानूनको सिमामा रहेर प्रयोग गर्नु पर्दछ । कानूनको शासनमा अख्तियारीको प्रयोगको अवस्था, औचित्यता, आधिकारिकता, सिमितता र त्यसले पार्ने प्रभाबको जानकारिताको व्यवस्था गरेको हुन्छ । नागरिकमा कानूनको ज्ञान हुनु निजको कर्तव्य हो । कानूनको सिमा भन्दा बहिर गरेको कुनै पनि काम कार्य न बैध हुन्छ न न्यायीक मानिन्छ । प्रत्येक निकायले आफ्नो काम कारबाही कानूनको अधिन एवं कार्यविधि (due process of law) बमोजिम हूनु पर्छ अन्यथा त्यस्ता काम कार्य *Ultra Vires* अर्थात शक्तिविहिन ठहरिन्छन् । राज्यको कुनै पनि निकायले एक अर्काको काम, कर्तव्य र अधिकारमा हस्तक्षेप गर्न सक्दैन । यस सम्बन्धमा *HWR Wade & CF Forsyth* को ८ औं संरकरणको *Administrative Law* किताबको पृष्ठ ३५ मा *Central Principal of Administrative Law* भनेको *"the simple proposition that a public authority may not act outside its power (ultra vires)"* भनि प्रशासकिय

अधिकार आफ्नो सिमा भित्र रही प्रयोग गरिनु पर्ने कुरालाई सिद्धान्ततः दर्साएको छ भने ऐजन किताबको पृष्ठ ३६ मा *"an act which is for any reason in excess of power (ultra vires) is often described as being "outside jurisdiction". Any administrative act or order which is ultra vires or outside jurisdiction is void in law that is deprived of legal effect. This is because in order to be valid it needs statutory authorization, and if it is not within the powers given by the Act, it has no legal leg to stand on."* भनि कानूनले तोकेको अख्तियारी भन्दा बढी अधिकार प्रचलन गरे गराए उक्त कार्य क्षेत्राधिकार बाह्यको कार्य भई बदर हुने भनि उल्लेख भएको छ ।

ङ. **एक निकायको क्षेत्राधिकारमा अर्को निकायको हस्तक्षेप मान्य नहुनेः** हाम्रो सम्मानीत सर्वोच्च अदालतको विशेष इजलासले ने.का.प.२०६४ अङ्क ६ निर्णय नं.७८५५ मा "राज्यका तीनै अंगहरूको आ आफ्नो काम अधिकार र कर्तव्य लिखित संविधानमा एक अर्कोले हस्तक्षेप नहुने गरी व्यवस्था भएको हुन्छ । नीति निर्माण गर्ने काम र देशको प्रशासन संचालन गर्ने काम कार्यपालिकाको *Domain* भित्र पर्छ । कानून निर्माण गर्ने काम व्यवस्थापिकाको *Domain* भित्र पर्ने र कानूनको ब्याख्या गर्ने काम न्यायपालिकाको *Domain* भित्र पर्छ । यि तिनै अंगहरूले एक अर्काको अधिकारक्षेत्र र *Domain* मा *Encroach* गर्न सक्तैनन् । संविधानमा व्यवस्था भए बमोजिम एक अर्कोले एक अर्कालाई *Check & Balance* गर्न सक्ने बाहेक एक अर्को अङ्गले एक अर्को अङ्गको *Domain* मा हस्तक्षेप गरेमा त्यस्तो कार्य *Ultra Vires* अर्थात *Excess of Power* भई त्यस्तो काम वदर हुने" भनि अधिकारक्षेत्रको महत्वलाई उल्लेख गरेको छ ।

च. **प्रत्यर्थीको कार्य विरुद्द अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुनेः** सम्मानीत सर्वोच्च अदालतले ने.का.प.२०६४ अङ्क ५ निर्णय नं. ७८५० मुद्दामा कानूनले दिएको भन्दा बढी अधिकार प्रयोग *(Excess of Power)* गरेको भए, कार्यविधि विपरीत *(Errors of procedure)* निर्णय गरिएको भए, कानूनको प्रयोगमा त्रुटि *(Error of law)* गरिएको भए, कानूनले तोकिएको कुनै कर्तव्य पालना *(failure to perform a duty)* नगरिएको भए, बदनियत चिताई अधिकारको दुरूपयोग *(Bad Faith or Abuse of Power)* गरी निर्णय गरिएको भए अदालतले असाधारण अधिकार प्रयोग गरी उपयुक्त आदेश जारी गर्न पर्ने अवस्था उत्पन्न हुन्छ भनि नजिर प्रतिवादन गरी सोही निजिरलाई समर्थन गर्दैन ने.का.प.२०६४ अङ्क ८ निर्णय नं. ७८७२ मुद्दामा सोको थप विस्तृतिकरण गरेको हुँदा विपक्षीको सूचना र काम कारवाही उत्प्रेषणको आदेशले बदरभागी रहेको छ ।

३. **अतः माथि उल्लेखीत कानूनी र संवैधानिक आधार, कारण समेतको आधारमा तल मांग गरे बमोजिमको आदेश जारी पाऊ :**

क) **उत्प्रेषणको आदेशले सूचना बदरः** प्रत्यर्थी काठमाण्डौ महानगरपालिका, नगर कार्यपालीकाको कार्यालयले आफूलाई निहित नभएको अधिकार विपरीत हामी निवेदक संघको घरजग्गाबाट फैसलाको अन्तिम टुङ्गो नलाग्दै एवं नेपाल सरकारका नाममा श्रेस्ता कायम नभएको अवस्थामा ७ दिन भित्र घरजग्गाबाट हट्न अनुरोधार्थ आदेश जारी गरी उक्त आदेश पालना नगरे कानून बमोजिम हटाइने धम्किपूर्ण सूचनाले हामी निवेदक संघ एवं संघमा आवद्ध व्यक्तिहरुको संविधानको धारा १६ प्रदत्त सम्मानपूर्व बाँच्न पाउने हक, धारा १७(घ) र (च) प्रदत्त संस्था खोल्ने र पेशा, राजगार गर्न पाउने स्वतन्त्रताको हक, धारा २०(९) प्रदत्त स्वच्छ सुनुवाइको हक र धारा २५ प्रदत्त सम्पत्तिको हकमा आघात पुगेको हुँदा काठमाण्डौ महानगरपालिका, नगर कार्यपालीकाको कार्यालयको उक्त सूचना र सो सूचना जारी गर्नू पूर्व वा पश्चात यस विषय (ललित

निवास क्षेत्रको घरजग्गा जफत) सम्बन्धमा कुनै निर्णय भए गराएको भए त्यस्ता निर्णयहरु ऐजन कार्यालयबाट झिकाइ बुझि सो त्यस्ता निर्णयहरु समेत उत्प्रेषणको आदेशले बदर गरी पाँउ ।

ख) **अन्तरिम आदेशः** प्रत्यर्थी काठमाण्डौ महानगरपालिका, नगर कार्यपालीकाको कार्यालयको उल्लेखित सूचना प्रथम दृष्टिमा नै त्रुटीपूर्ण *[Apparent error of law on the face of the record]* *र अधिकारक्षेत्र विहिन* भएको र विपक्षीको काम कारवाहीले संस्थाको बैधानिक कार्य सम्पादन नै अबरुद्ध हुने, नेपाल सरकारको नाममा रहेको श्रेस्तामा आफ्नो नाममा रहेको घरको भोगमा बाधा पुग्ने भै अपुरणिय क्षतिपुग्न जाने हुंदा पूर्ण न्यायको आवश्यकताको सम्बोधन एवं सुविधा र सन्तुलन *[Balance of Convenience]* को दृष्टिबाट हामी निवेदकको हक अधिकारमा गम्भिर क्षति *[Irreparable Loss and Injury]* हुनबाट रोक्न प्रत्यर्थीको उल्लेखित सूचना तत्काल कार्यान्वयन नगर्नू नगराउनु, निवेदकको सम्पत्तिको उपभोगमा कुनै बाधा अवरोध नगर्नु भनि प्रत्यर्थीको नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ ।

छ. यस विषयमा समानान्तर अधिकारक्षेत्र अन्तर्गत सर्वोच्च अदालतमा निवेदन पेश गरेको छैन ।

ज. कानून व्यवसायीको बहस, जिकिरलाई यसै निवेदनपत्रको अभिन्न अंग मानी पाउँ ।

झ. निम्न लिखित कागज प्रमाण पेश गरेको छु ।

क) निवेदकले प्राप्त गरेको अख्तियारानामा र नागरिकताको प्रतिलिपी ।

ख) निवेदकको नाउँमा रहेको जग्गाको प्रमाण कागजतको प्रतिलिपी ।

ग) प्रत्यर्थीले जारी गरेको सूचनाको प्रतिलिपी ।

ञ. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**रिट निवेदक**

**निज अ.प्रा. राजेश शम्शेर राणा..........१**

ईति सम्वत् २०८० साल फागुन महिना १३ गते रोज ०१ शुभम्

..........................................................................